लक्ष्मीनियाँ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

प.स.:-२०८१/८२
सू.नं. :- ०१

मिति :-२०८१/०४/०७

सूचना !

सूचना !!!

सूचना !!!

## बिषय :-प्रथम पटक प्रकाशित पोखरी ठेक्का सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस लक्ष्मीनियाँ गाउँपालिका अर्न्तगत रहेका पोखरीहरू ५ (पाचँ) बर्षका लागि तपशिलमा उल्लेखित ठेक्का मार्फत पोखरीमा माछापालन, ब्यवस्थापन तथा संरक्षणका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक ब्यक्ति ,संघ संस्था लगायत सरोकारबालाहरूले ठेक्काको लागि बोलपत्र बापत रकम रू १००० ।अक्षरेपी रू एक हजार रूपैयाँ मात्र यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मैगा बैंक लि.मा रहेको आन्तरिक राजश्व खाताको खाता नं.१७६०१४००००००९३ मा रकम दाखिला गरी खरिद गरिएको फारम तोकिएको शर्तको अधिनमा रही यो सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी गरी बोलपत्र दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारी का लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :-

| सि.नं | ठेक्का नं. | पोखरीको नाम | वडा नं. | कित्ता नं. | क्षेत्रफल | न्युन्तम कबोल रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०८१/२०८२ | हनुमान मन्दिर पछाडिको पोखरी (कचहरी) | ५ | ५२ | ०-१३-११ | ९,००,००० । | |
| २ | ०२/२०८१/२०८२ | भंगहा गाउँको दक्षिण पट्टी रहेको पोखरी | ५ | २९४ | १-१-०९ | १३,५०,००० । | |

शर्तहरू :-

१.बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउँदा सम्बन्धित ब्यक्ति वा ठेकेदारले आफ्नो नागरिकता प्रमाणपत्र लिई स्वंयम उपस्थित हुनुपर्ने छ ।

२.खामको बाहिर पट्टी ठेक्का नं.र यस कार्यालयको नाम उल्लेख गरि बोलपत्र सिलबन्दी पेश गर्नु पर्ने छ ।

३.बोलपत्र साथ बोलपत्र पेश गर्ने ब्यक्तिको नेपाली नागरिकताको प्रमानणपत्रको प्रतिलिपि तथा सँस्थाको हकमा संस्थाको प्रमानपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

४. बोलपत्र फारममा कबोल गरेको अंक र अक्षरमा केयरमेट नगरी स्पस्टसँग लेख्नु पर्ने छ तथा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

टेलिफोन नं.- आर्थिक प्रशासन शाखा म.९८५४०२८८३८, जिन्सी शाखा म. ९८५४०८०११७,
सूचना अधिकारी म.९८५४०२८८३९, एम्बुलेन्स म.९८५४०८०११४
वेब साइट : https//www.laxminiyamun.gov.np, इमेल : laxminiyamun@gmail.com

लक्ष्मीनियाँ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा
मधेश प्रदेश, नेपाल

प.स.:-२०८१/८२
सू.नं. :- ०१

५.बोलपत्र साथ आफुले कबोल गरेको अंक २१७३ प्रतिशतले हुन आउने धरौटी खाता ग-घ को खाता नं.१७६०१४००००००२४ मा धरौटी रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ।

६.सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र ) दिन भित्र कार्यालय समय भित्र ठेक्काको बोलपत्र फारम मार्फत रकम रू १०००। तिरि लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालयबाट खरिद गरि १६(सोह्र) दिनको १२ (बाह ) बजे कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ र सोही दिन दिनको २ (दुई ) बजे यस कार्यालयमा सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ यदि बोलपत्र खोलिने समयमा बोलपत्रदाताहरू उपस्थित नभएमा बोलपत्र खोल्न बाधाँ पर्ने छैन।

७.बोलपत्र खरिद गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा बोलपत्र फारम दर्ता गराई सक्नु पर्नेछ र सोहि दिन दिनको २ बजे बोलपत्र खोलिने छ।

८.म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुनै छैन।

९.बोपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयको निहित रहने छ।

१०. बोलपत्र खरिद भएको सात (७) दिन भित्र कबोल गरेको ५ बर्षको रकम मध्ये प्रत्येक बर्षको चलन पुर्जी लिनुभन्दा अगाडी नै कबोल गरेको रकमको २०% (प्रतिशत) दाखिला गाउँपालिकाको आन्तरिक राजश्व खाताको खाता नं.१७६०१४००००००९३ मा जम्मा गरेको सक्कल भौचर सहित सम्झौता गरी चलन पुर्जीलिई सक्नुपर्ने छ।

११.पोखरी तथा माछाको सुरक्षा ठेकेदार स्वंयमले गर्नुपर्ने छ।

१२.यस सूचनामा उल्लेखित शर्तहरू बमोजिम नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ।

१३.ठेक्का अवधि चलन पुर्जी लिएको मिति देखि गणना हुनेछ।

याम बहादुर उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत